INNOVATIVE RESEARCH JOURNAL Vol.:1, Issue: 1, 2022

# आधारभूत तहमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता

**अम्बिकादेवी रिजाल**
सानोठिमी क्याम्पस
*ambikabhattari14@gmail.com*

**लेखसार :** *प्रस्तुत आलेखमा आधारभूत तहमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन गरिएको छ । यसमा आधारभूत तह अन्तर्गत कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको पहिचान गरिएको छ । प्रस्तुत लेखको उद्देश्य विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता पहिचान गर्नु, भाषिक पृष्ठभूमि, विद्यालय प्रकृति र लैङ्गिकताका आधारमा कक्षा सातमा अध्ययनरत् विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता पहिचान गर्नु रहेको छ । यसमा परिमाणात्मक अनुसन्धान ढाँचाको अनुप्रयोग गरिएको छ । यस लेखको तयारीका क्रममा क्षेत्रीय अध्ययन पद्धतिको प्रयोग गरी सामग्री सङ्कलन गरिएको छ । यस लेखको तयारीका क्रममा प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । अनुच्छेद लेखन क्षमता सम्बन्धी जम्मा १० पूर्णाङ्कको प्रश्नावली निर्माण गरी परीक्षण गर्दा विद्यार्थीहरुको अनुच्छेद लेखनमा सहभागी विद्यार्थीहरुबाट लेखिएको अनुच्छेद मध्यम स्तरको रहेको देखिन्छ । भाषिक पृष्ठभूमीका आधारमा अनुच्छेद लेखन क्षमताको तुलना गर्दा दोस्रो नेपाली भाषीहरुको तुलनामा पहिलो नेपाली भाषी विद्यार्थीहरुको लेखन क्षमता केही उच्च रहेको पाइएको छ । लैङ्गिकतको आधारमा अनुच्छेद लेखन क्षमताको तुलना गर्दा छात्र विद्यार्थीहरुको तुलनामा छात्रा विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता केही बढी प्रतिशत अगाडि रहेको छ । विद्यालय प्रकृतिको आधारमा हेर्दा निजि विद्यालयको भन्दा सामुदायिक विद्यालयको अनुच्छेद लेखन क्षमता माथि रहेको निष्कर्ष प्राप्त भएको छ । प्रस्तुत लेखले निर्दिष्ट विषय क्षेत्रमा अध्ययन, अनुसन्धान गर्न चाहने तथा यस विषयमा सरोकार राख्नेहरूलाई नीतिगत तथा प्रयोगात्मक तहमा सहयोग पुऱ्याउने विश्वास गरिएको छ ।*

**पारिभाषिक शब्दावली :** अनुच्छेद लेखन, भाषिक पृष्ठभूमि, लैङ्गिकता

प्राप्त मिति : २, अक्टोबर, २०२२, स्वीकृत मिति : १२, नभेम्बर, २०२२, प्रकाशित मिति : १२, डिसेम्बर, २०२२

## अध्ययनको पृष्ठभूमि

कुनै शीर्षकको निहित भावको स्वतन्त्र तथा सङ्क्षिप्त विस्तार गर्नु अनुच्छेद लेखन हो । अनुच्छेद लेखनको आकार-प्रकार विद्यार्थीहरुको अनुभव सङ्गठन गर्ने क्षमतासँग सम्बन्धित हुन्छ । तल्ला कक्षाका तुलनामा माथिल्ला कक्षाका अनुच्छेद लेखनका आकार बढ्दै जान्छ । अभिव्यक्तिगत सङ्क्षिप्तता र गहनता नै यसको विशेषता हो । अनुच्छेद लेखन विभिन्न शैलीमा गर्न सकिन्छ । आख्यानात्मक, वर्णनात्मक, विवरणात्मक, वस्तुपरक, आत्मपरक, भावनात्मक, विश्लेषणात्मक, आलङकारिक, तार्किक, आदिमा पनि अनुच्छेद लेख्न सकिन्छ ।

कुनै विषयवस्तुमा आधारित भई सिलसिलाबद्ध रुपमा प्रस्तुत गरिने लेखाइलाई अनुच्छेद भनिन्छ । एकाधिक वाक्यहरुबाट निर्मित भाषाको सवैभन्दा ठुलो एकाइ अनुच्छेद हो । वाक्यात्मक तह भन्दा माथिल्लो एकाइको रुममा रहेको अनुच्छेदमा नै पुर्ण हुनु पर्दछ । जति माथिल्लो कक्षामा गयो उतिकै यसमा सुधार हुँदै जान्छ । अनुच्छेद लेखनमा दुई/चार वाक्यदेखि १५/२० वाक्यसम्मको लिखित अभिव्यक्ति हुन्छ । अनुच्छेदमा एक विचारको सामेल भएको हुन्छ ।

अभिव्यक्तिको अन्त्यसँगै अनुच्छेद लेखनको पनि अन्त्य हुन्छ । अनुच्छेद आफैमा पुर्ण हुन्छ । अतः अनुच्छेद लेखन विद्यार्थीका लागि लेखन सिपको अपरिहार्य साधन मान्न सकिन्छ (शर्मा र पौडेल, २०६७) ।

## उद्देश्य

प्रस्तुत आलेखका उद्देश्यहरु विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता पहिचान गर्नु तथा भाषिक पृष्ठभूमि, विद्यालय प्रकृति र लैङ्गिकताका आधारमा विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता तुलना गर्नु रहेको छ ।

## अध्ययन विधि तथा प्रक्रिया

प्रस्तुत लेखमा परिमाणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । यसमा मूख्यतः क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । प्रस्तुत अध्ययनमा भक्तपुर जिल्लाका सामुदायिक र निजी  विद्यालयका कक्षा सातमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरुलाई जनसङख्याका रुपमा लिएको छ । यस अध्ययनमा  ४ सामुदायिक र २ वटा निजी गरी ६ विद्यालयका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुमध्ये भिन्न-भिन्न विद्यालय, भिन्न भाषिक पृष्ठभूमि भएका र छात्राछात्र दुवै समावेश हुने गरी एउटा विद्यालयमा ११ जनाको दरले जम्मा ६६ जना विद्यार्थीहरुलाई प्रतिनिधि नमुनाका रुपमा छनोट गरिएको छ । यसमा तथ्याङ्क सङ्कलनबाट प्राप्त परिणामको आधारमा समुहगत प्रतिशताङ्क र मध्यमान निकालेर सोही तथ्याङ्कका आधारमा विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको पहिचान गरी व्याख्या र विश्लेषण गरिएको छ ।

## सैद्धान्तिक अवधारणा

वाक्यात्मक तहभन्दा माथिल्लो एकाइको रुपमा रहेको अनुच्छेदमा विभिन्न वाक्यहरु सङ्गठित भएका हुन्छन् । यसमा विषयवस्तुको मौखिक वा सिर्जनात्मक रुपमा वर्णन गरिएको हुन्छ । अनुच्छेद आफैमा पुर्ण अभिव्यक्ति हो । एकै प्रसङ्गका कुराहरुलाई क्रमबद्ध रुपमा प्रस्तुत गरिने अनुच्छेद लेखनमा २/४ वाक्यदेखि १५/२० वाक्यसम्मको लिखित अभिव्यक्ति सामेल भएको हुन्छ । अभिव्यक्तिगत गहनता र सङ्क्षिप्तता नै अनुच्छेद लेखनको विशेषता हो । अनुच्छेदमा विचारको अभिव्यक्ति सामेल भएको हुन्छ । अभिव्यक्तिको अन्त्यसँगै आनुच्छेद लेखनको पनि अन्त्य हुन्छ ।

कुनै पनि विषयको शीर्षक वा सुत्र कथनमा आधारित रहेर एकभन्दा बढी वाक्यहरु लेखिएको र एक अभिव्यक्ति भएको सङ्कथनलाई अनुच्छेद भनिन्छ । जुनसुकै विषय क्षेत्रसँग सम्बन्धित रहेर स्वतन्त्र ढङ्गले आफ्नो अभिव्यक्ति व्यक्त गर्नुलाई नै अनुच्छेद लेखन भनिन्छ । अनुच्छेद लेखन माथिल्ला कक्षाका तुलनामा तल्ला कक्षाहरुमा केहि सङ्गठित अभिव्यक्ति नहुन सक्दछन् । तर पनि विद्यार्थीका लेखनमा परिवर्तन हुनसाथ अनुच्छेद पनि परिवर्तन हुने गर्दछ । त्यसैले यो छोटो छरितो र कसिलो रुपमा नै टुङ्गिन्छन् । यसकारण अनुच्छेद लेखन कुनै पनि तह वा स्तरका विद्यार्थीहरुका लागि आवश्यक र महत्वपुर्ण कार्यकलाप हो । जुनसुकै लिखित रचनाको पुर्व अभ्यास पनि भएकोले तल्लो तहदेखि उच्च तहसम्म नै अनुच्छेद लेखन गराउन आवश्यक छ । यो छोटो अभिव्यक्ति हुनाले यसलाई शिक्षर्थीको लेखनमा पाइने सामान्य व्याकरण र वर्णविन्यासिय त्रुटि निराकरणको अभ्यासका लागि उपयोग गर्न व्यवहारिक हुन्छ । विभिन्न किसिमका लेखन शैलीको अभ्यास गराउन  यसको उपयोग महत्वपुर्ण हुन्छ ।

कुनै शीर्षकमा निहित भावको स्वतन्त्र रुपमा सङ्क्षिप्त विस्तार गर्नु अनुच्छेद लेखन हो । यसलाई लेखन कलाको महत्वपुर्ण कार्यकलाप मान्न सकिन्छ । यसको आकारप्रकार विद्यार्थीहरुको अनुभव सङ्गठन गर्ने क्षमतासँग सम्बन्धित हुन्छ । अभिव्यक्तिगत सङ्क्षिप्तता र गहनता नै यसको विशेषता हो । यसलाई विभिन्न शैलीमा लेख्न सकिन्छ जस्तै :

आख्यानात्मक, वर्णनात्मक, विवरणत्मक, आत्मपरक, आलाङ्कारीक आदि (शर्मा र पौडेल, २०६९ : १८५) । कुनै शीर्षक वा निहित भावको स्वतन्त्र रुपमा सङ्क्षिप्त विस्तार गर्नु नै अनुच्छेद लेखन हो । यसका आदि, मध्य र अन्त्य गरी तिन भाग हुन्छन् । यसमा आदि भागमा -उठान, मध्य भागमा- विस्तार र अन्त्य भागमा- समापन हुन्छ । अनुच्छेदमो वारेमा विभिन्न विद्वानहरुले आ-आफ्नै ढङ्गले विचारहरु व्यक्त गरेका छन । 'वाक्यभन्दा माथिल्लो अभिव्यक्ति एकाइ अनुच्छेद हो । यसमा स-साना वैचारिक एकाइका रुपमा अभिव्यक्त वाक्यहरु पारस्परिक सापेक्षतामा सङ्गठित भएका हुन्छन । एक वाक्य अर्को वाक्यको सापेक्षतामा खास विचारको शृङ्खला लिइ आबद्ध हुँदै गएको हुन्छ (अधिकारी, २०६१) ।' 'वाक्यभन्दा माथिल्लो र परिच्छेदभन्दा तल्लो भाषिक एकाइ अनुच्छेद हो । यो वाक्यवाक्यको समुच्चयबाट निर्मित हुन्छ । अनुच्छेद भित्रका वाक्यहरु चाँहि अर्थ सम्बन्धका हिसाबले परस्पर सम्बद्ध वा अन्तः शृङ्खलित हुन्छन् । विचारको सम्बचता नभएका वाक्यहरुद्धारा अनुच्छेद बन्दैन (ढकाल र खतिवडा, २०६८ : १५८) ।' 'कम भन्दा कम वाक्यहरुको समुहबाट केहि कुरा व्यक्त गरिएको आलेख अनुच्छेद हो । यो आलेखको सबैभन्दा तल्लो कोटि वा अभिव्यक्ति खण्ड हो । यसले कुनै लेख वा प्रबन्धका बुँदाहरुमध्ये कुनै एकलाई प्रतिनिधित्व गर्दछ ' (नेपाली बृहत् शब्दकोश, २०४०, पृ. २४०) । 'कुनै लेख वा रचनाको एक खण्ड जुन अर्को खण्डबाट ठाउँ छोडाइएको हुन्छ । गद्य अभिव्यक्तिको एक अंश एउटा अखण्डित सिङ्गो, छोटो गद्यात्मक अभिव्यक्तिलाई अनुच्छेद भनिन्छ (प्रयोगात्मक नेपाली शब्दकोश, २०६१, पृ. १६१) ।'

यसरी हेर्दा विभिन्न विद्वानहरुको परिभाषालाई समग्र भन्दा दुई वा दुईभन्दा बढी वाक्यहरु मिलेर बनेको सङ्क्षिप्त संरचनात्मक भाषिक एकाइ नै अनुच्छेद लेखन हो । यसलाई छोटो अभिव्यक्तिका रुपमा लिन सकिन्छ । यो वाक्यभन्दा माथिल्लो एकाइ हो । यो एक अनुच्छेदमा लेखिन्छ । अभिव्यक्तिगत सङ्क्षिपतता र गहनता नै यसको विशेषता हो । कुनै लेख वा रचनाको एक खण्ड, परिच्छेद भित्रको उपपरिच्छेद, सबै तहमा उपर्युक्त हुने कार्यकलाप, संयमित उडानको कला, भाषिक शुद्धतामा सहयोगी, सिर्जनात्मक लेखनमा सहयोगी, निरन्तर अभ्यासबाट तीब्रता ल्याउन सकिने लेख, साहित्यिक विधाहरुमा सहयोगी, लेखन शैलीमा सहयोग पुऱ्याउने, सङ्क्षिप्त रुपले आदि, मध्य र अन्त्यको तारतम्य मिलेको रचना, वाक्यभन्दा माथिल्लो एकाइ, विचारलाई सरल र सहज तरिकाले प्रकट गर्ने माध्यम, छिटो छरितो गद्यात्मक लेखन, वर्णविन्यासीय र व्याकरणगत त्रुटि निराकरणमा सहयोगी । निष्कर्षमा भन्दा कुनै पनि विषय वस्तुमा छिटो छरितो र गहन रुपमा भिन्न वाक्यहरु एक अर्कामा सङ्गठित गर्दे लेखिएको गद्यात्मक लेखलाई अनुच्छेद भनिन्छ । अनुच्छेद लेखन आफैमा पूर्ण र लेखाइ सिपसँग सम्बन्धित कार्यकलापहरुमा यसको महत्वपूर्ण भुमिका हुन्छ । यसबाट मौलिक र स्वतन्त्र लेखनको विकास हुनुको साथै निरन्तर अभ्यासबाट वर्णविन्यसीय एवम् व्याकरणत्मक त्रुटिहरुको निराकरण गर्न सकिन्छ, साथै स्वतन्त्र लेखनमा पनि यसले सहयोग पुऱ्याउँछ ।

## अनुच्छेद लेखनको विधि र प्रक्रिया

तोकिएको शीर्षक वा विषयवारे तोकिएकै प्रकारमा अनुच्छेद लेखन गर्ने सामान्यतः केही विधि र प्रक्रियाहरु अँगालिन्छन् (शर्मा, २०५७, पृ. १००) शीर्षक वा विषयवारे राम्रो चिन्तन मनन गर्ने । आफ्नो ज्ञान र सम्भ्कनाको उपयोग गरी मनमनै बुँदा खोतल्ने र लेखनका लागि आवश्यक पर्ने जति बुँदाहरुको चयन गर्ने, चयन गरिएका बुँदाहरुलाई शीर्षकसँग दाँज्ने र तिनको विवरण आदि, मध्य र अन्त्य भागमा पार्ने, सङ्गठित बुँदाहरुलाई वस्तुपुरक, आत्मपरक आदि जुन प्रकारमा लेखिन्छ त्यहि प्रकारमा बुँदा पिच्छे एक-एक वाक्य लेखी खेस्रा तयार गर्ने, खेस्राको संशोधन र परिमार्जन गरी क्रमबद्धता पनि मिलाउने, शुद्ध, स्पष्ट, प्रभावकारी भाषाको प्रयोग गरी परिष्कार गर्ने र अन्तिम रुपको साफी गर्ने । माथिका विधि र प्रक्रियाको प्रयोग गरी स्पष्ट र प्रभावकारी अनुच्छेद लेख्न सकिन्छ ।

## व्याख्या विश्लेषण

यस अध्ययनमा प्राप्त परिणामलाई गणितीय तथ्याङ्क विधिबाट परिणम निकाली व्याख्या गरिएको छ । तोकिएको कक्षाका विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययनका क्रममा गणेश माध्यामिक विद्यालय, मध्यपुर थिमी न.पा. २, नगदेश, भक्तपुर, श्री पद्मा माध्यामिक विद्यालय, भक्तपुर न.पा.२, दरबारक्षेत्र, भक्तपुर, श्री कृष्ण माध्यमिक विद्यालय, चागुनारायण न.पा. ७, खरिपाटी, भक्तपुर, श्री महेन्द्रशान्ति मा.वि., सूर्यविनायक न.पा. २, बालकोट, भक्तपुर , अर्बिट अंग्रेजी बोर्डिङ्ग स्कुल मध्यपुर थिमी न.पा. ३, गठ्ठाघर, भक्तपुर, मेरिगोल्ड अंग्रेजी बोर्डिङ्ग स्कुल, सूर्यविनायक न.पा. भक्तपुरका ११/११ जनाका दरले जम्मा ६६ जना विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता गणितीय तथ्याङ्क विधिबाट अध्ययन गरी त्यसैका आधारमा व्याख्या विश्लेषण गरेर निष्कर्षमा पुग्ने कार्य गरिएको छ । यसका लागि तथ्याङ्कलाई गणितीय विश्लेषण गर्ने उद्देश्यले प्रतिशत गणना र मध्यमान जस्ता तथ्याङ्क शास्त्रीय विधिको प्रयोग गरिएको छ :

तालिका १. *समग्र विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको स्थिति*

| क्र.स. | श्रेणी | विद्यार्थी सङ्ख्या | विद्यार्थी प्रतिशत |
|---|---|---|---|
| १ | उच्च | १७ | २१.७ |
| २ | मध्यम | २१ | ४५ |
| ३ | निम्न | २८ | ३३.३ |
| जम्मा | | ६६ | १०० |

माथिको तालिका अनुसार उच्च, मध्यम र निम्न श्रेणी क्रमशः ६० भन्दा माथि ल्याउने विद्यार्थीलाई उच्च श्रेणीमा राखिएको छ । ५० भन्दा माथि ल्याउने विद्यार्थीलाई मध्यम श्रेणीमा र ५० भन्दा कम अङ्क ल्याउने विद्यार्थीलाई निम्न श्रेणीमा राखिएको छ । यसमा उच्च श्रेणीका विद्यार्थीहरुको प्रतिशत २१.७ % छ भने मध्यम श्रेणी प्राप्त गर्ने विद्यार्थीको प्रतिशत ४५% छ र निम्न श्रेणी प्राप्त विद्यार्थीको प्रतिशत ३३.३ % रहेको देखिन्छ । माथिको तालिका अनुसार समग्र रुपमा विद्यार्थीको अनुच्छेद लेखन क्षमता मध्यम खालको देखिन्छ ।

## अनुच्छेद लेखनका क्रममा विद्यार्थीहरुले गर्ने त्रुटि

भाषिक सिप सिकाईको क्रममा सामान्य त्रृटिहरु भई नै रहन्छन । यसका लागि आफुले गर्ने गरेका त्रुटिहरुलाई सहज स्वीकार गरी सुधार गर्ने प्रयत्न गर्नु पर्दछ । कक्षा सातमा अध्ययनरत विद्याथीहरुले अनुच्छेद लेखनका क्रममा विभिन्न किसिमका त्रृटिहरु गर्ने गरेको पाइन्छ । यस्ता त्रुटिहरुमा शव्दहरुको आवृत्ति, सामान्य भाषागत बेमेल, शव्द सङ्योजन, वाक्यगठन र हिज्जेमा त्रृटि गरेको देखियो । त्यसैले कतिपय बोलचालमा प्रयोग हुने तर लेखानमा प्रयुक्त नहुने जस्तै 'नबुझेकों' को सट्टामा 'नवुजेको' जस्ता शव्दको प्रयोग गर्ने र एउटै वाक्यमा धेरै शव्दहरु थुपारेर अनर्थका वाक्यहरु पनि प्रयोग गर्ने गरेको पाइयो । त्यसै गरि एउटा वाक्य नटुङ्गाई वाक्य लेख्दै अर्कै प्रसङ्गको सुरुवात गर्ने प्रवृत्ति अधिक मात्रामा दखियो । कक्षा सातका विद्यार्थीहरुले विभक्ति चिह्नको प्रयोग जस्ता त्रृटि गरेको पाइयो ।

## निजि र सरकारी विद्यालयका विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको प्रतिशताङ्क र मध्यमानको आधारमा तुलनात्मक स्थिति

प्रस्तुत अध्ययनमा सरकारी विद्यालयका ४४ जना र निजि विद्यालयका २२ जना विद्यार्थी गरि जम्मा ६६ जना विद्यार्थी छनोट गरिएको छ :

तालिका नं २. *नीजि र सरकारी विद्यालयका विद्यार्थीहरुको तुलनात्मक स्थिति*

| तुलनात्मक समुह | विद्यार्थी सङ्ख्या | प्रतिशताङ्क | समग्र प्रतिशताङ्क | मध्यमान | समग्र मध्यमान |
|---|---|---|---|---|---|
| सरकारी | ४४ | ५४.७७ | ५०.७९ | ५.४७ | ५.०७ |
| ीनजि | २२ | ४५.८१ | | ४.६८ | |

अनुच्छेद लेखन कार्यको अध्ययनको सिलसिलामा विषयवस्तुको सङ्गठन, भाषिक शुद्धता, तथा प्रस्तुतिकरण शैली जस्ता कुराहरुलाई आधार मानिएको छ । प्रतिशताङ्क र मध्यमानका आधारमा गणितीय तथ्याङ्क विश्लेषण गरि गरिएको उक्त तुलनात्मक अध्ययनमा निजि विद्यालयका विद्यार्थीहरुको तुलनामा सरकारी विद्यालयका विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता केही उच्च रहेको पाइन्छ। प्रति विद्यार्थी १० पूर्णाङ्कमा आधारित भएर अनुच्छेद लेखन कार्य गरिएको उक्त तुलनात्मक विश्लेषणमा निजि विद्यालयका जम्मा २२ जना विद्यार्थीहरुको कुल प्राप्ताङ्क १०३ रहेको छ। यसअनुसार निजि विद्यालयका विद्यार्थीहरुले ४५.८१ प्रतिशत अङ्क प्राप्त गरेका छन् भने मध्यमान ४.६८ रहेको छ। त्यसैगरि सरकारी विद्यालयका जम्मा ४४ जना विद्यार्थीहरुक कुल प्राप्ताङ्क २४१ छ। यसअनुसार सरकारी विद्यालयका विद्यार्थीहरुले ५४.७७ प्रतिशत अङ्क प्राप्त गरेका छन् भने मध्यमान ५.४७ रहेको छ। निजि र सरकारी विद्यालयका समग्र विद्यार्थीहरुको प्रतिशताङ्क ५०.७९ र समग्र मध्यमान ५.०७ रहेको छ। माथि उल्लेखित तालिका र स्तम्भचित्रको विश्लेषणबाट अनुच्छेद लेखन क्षमता निजि विद्यालयका विद्यार्थीहरुको तुलनामा सरकारी विद्यालयका विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता उच्च रहेको निष्कर्ष प्राप्त भएको छ।

## छात्रा र छात्र बिचको अनुच्छेद लेखन क्षमताको तुलना

प्रस्तुत अध्ययन अनुसार छात्राको प्राप्ताङ्क १९७.५ र छात्रको प्राप्ताङ्क १४६.५ छ। यस आधारमा छात्रा र छात्रको मध्यमान निकाल्दा, छात्राको मध्यमान = ५.४८ र छात्रको मध्यमान = ४.८३ रहेको छ।

तालिका ३. *छात्रा र छात्र विचको तुलनात्मक अध्ययन*

| तुलनात्मक समुह | विद्यार्थी सङ्ख्या | प्रतिशताङ्क | समग्र प्रतिशताङ्क | मध्यमान | समग्र मध्यमान |
|---|---|---|---|---|---|
| छात्रा | ३६ | ५४.८ | ५१.८ | ५.४८ | ५.२ |
| छात्र | ३० | ४८.८ | | ४.८३ | |

उपर्युक्त तालिका कक्षा सातमा अध्ययनरत सरकारी तथा नीजि विद्यालयको तोकिएको प्रतिनिधि नमुना छनोटमा परेका ३६ जना छात्रा र ३० जना छात्र गरी जम्मा ६६ जना विद्यार्थीहरुमा अनुच्छेद लेखन क्षमताको अध्ययन गरिएको छ। यसअनुसार ३६ जना छात्राको कुल प्राप्ताङ्क १९७.५ छ भने उनीहरुको प्रतिशताङ्क ५४.८ र मध्यमान

५.४८ रहेको छ । त्यसै गरी ३० जना छात्रको कुल प्राप्ताङ्क १४६.५ रहेको छ भने प्रतिशताङ्क ४८.८ र मध्यमान ४.८३ रहेको छ । छात्रा र छात्रको समग्र प्रतिशताङ्क ५१.८ र मध्यमान ५.२ प्राप्त भएको देखिन्छ । यसरी प्रस्तुत तालिका अनुसार छात्र र छात्राको तुलनात्मक विश्लेषण गर्दा छात्राले ५४.८ र छात्रले ४८.८ प्रतिशत प्राप्त गरेका छन् । यसबाट के बुझिन्छ भने अनुच्छेद लेखन क्षमताको स्थिति छात्रको भन्दा छात्राको केहि उच्च रहेको पाईन्छ ।

**नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरुबिच अनुच्छेद लेखन क्षमताको तुलना**

यसमा ३४ जना नेपाली मातृभाषी विद्यार्थीले जम्मा १९४ अङ्क प्राप्त गरेका छन भने ३२ जना नेपाली विमातृभाषी विद्यार्थीले जम्मा १५० अङ्क प्राप्त गरेका छन । यसअनुसार, नेपाली मातृभाषी विद्यार्थीको मध्यमान= ५.७ र नेपाली विमातृभाषी विद्यार्थीको मध्यमान= ४.६ हुन आउछ ।

तालिका ४. *मातृभाषी र विमातृभाषी विद्यार्थीहरुको तुलनात्मक स्थिति*

| तुलनात्मक समुह | विद्यार्थी सङ्ख्या | प्रतिशताङ्क | समग्र प्रतिशताङ्क | मध्यमान | समग्र मध्यमान |
|---|---|---|---|---|---|
| नेपाली मातृभाषी | ३४ | ५७ | ५१.९ | ५.७ | ५.२ |
| नेपाली विमातृभाषी | ३२ | ४६..८ | | ४.६८ | |

उपर्युक्त तालिकालाई हेर्दा नेपाली मातृभाषी विद्यार्थी भन्दा विमातृभाषी विद्यार्थीको लेखन क्षमतामा मातृभाषी नै उच्च देखिन्छन् । तर त्यति फरक भने छैन । उल्लेखित तालिकामा ३४ जना नेपाली मातृभाषी विद्यार्थीको कुल प्राप्ताङ्क १९४ छ भने उनीहरुले ५७ प्रतिशत अङ्क प्राप्त गरेका छन् । उनीहरुका मध्यमान ५.७ रहेको छ । त्यसैगरी ३२ जना नेपाली विमातृभाषी विद्यार्थीहरुको कुल प्राप्ताङ्क १५० छ भने उनीहरुले ४६.८ प्रतिशत अङ्क प्राप्त गरेका छन् । उनीहरुको मध्यमान ४.६८ रहेका छ ।

तालिका ५. *मातृभाषी र विमातृभाषी छात्र/छात्राबिच अनुच्छेद लेखन क्षमताको तुलनात्मक स्थिति*

| तुलनात्मक समुह | विद्यार्थी सङ्ख्या | प्रतिशताङ्क | समग्र प्रतिशताङ्क | मध्यमान | समग्र मध्यमान |
|---|---|---|---|---|---|
| नेपाली मातृभाषी छात्र | १५ | ५१ | ४८.८३ | ५.१ | ४.८८ |
| नेपाली विमातृभाषी छात्र | १५ | ४६.६६ | | ४.६ | |

नेपाली मातृभाषी विद्यार्थीको तुलनामा विमातृभाषी विद्यार्थीको अनुच्छेद लेखन क्षमता केही कमजोर मात्रामा रहेको देखिन्छ । तालिकाअनुसार नेपाली मातृभाषी छात्रले १५ जनाले जम्मा ७६.५ अङ्क प्राप्त गरेका छन भन १५ जना विमातृभाषीले ७० अङ्क प्राप्त गरेका छन् । मातृभाषीले प्रतिशताङ्क ५१ अङ्क प्राप्त गरेका छन् भने मध्यमान ५.१ रहेको छ । विमातृभाषीको प्रतिशताङ्क ४६.६६ छ भने मध्यमान ४.६ रहेको पाइन्छ । विमातृभाषी छात्र विद्यार्थी सङ्ख्या १५ रहेको छ । यी दुबै मातृभाषी र विमातृभाषी छात्रको समग्र प्रतिशताङ्क ४८.८३ र मध्यमान ४.८८ रहेको छ ।

तालिका ६ *मातृभाषी छात्रा र विमातृभाषी छात्राबिच अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययन*

| तुलनात्मक समुह | विद्यार्थी सङ्ख्या | प्रतिशताङ्क | समग्र प्रतिशताङ्क | मध्यमान | समग्र मध्यमान |
|---|---|---|---|---|---|
| नेपाली मातृभाषी छात्रा | २० | ५९ | ५४.४३ | ५.९ | ५.४४ |
| नेपाली विमातृभाषी छात्रा | १६ | ४९.८७ | | ४.९८ | |

नेपाली मातृभाषी छात्रा र नेपाली विमातृभाषी छात्राको अनुच्छेद लेखन क्षमतामा विमातृभाषीको भन्दा मातृभाषीको लेखन क्षमता उच्च रहेको पाइन्छ । तालिकाअनुसार नेपाली मातृभाषी छात्राको जम्मा २० जनाको कुल प्राप्ताङ्क ११८ रहेको छ । यसअनुसार उनीहरुको ५९ प्रतिशत रहेका छन् । उनीहरुको मध्यमान ५.९ रहेको छ । त्यसैगरी जम्मा १६ जना नेपाली विमातृभाषी छात्राको कुल प्राप्ताङ्क ७९.५ छ भने उनीहरुको ४९.८७ प्रतिशत अङ्क प्राप्त गरेका छन् । मध्यमान ४.९८ रहेको छ, भने मातृभाषी र विमातृभाषी दुवै छात्राको प्रतिशताङ्क ५४.४३ मध्यमान ५.४४ रहेको छ ।

## निष्कर्ष

प्रस्तुत अध्ययनमा आधारभूत तहको कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको बारेमा अध्ययनगरी विश्लेषण गरिएको छ । अनुच्छेद लेखनमा सहभागी विद्यार्थीहरुबाट लेखिएको अनुच्छेद मध्यम स्तरको रहेको देखिन्छ । भाषिक पृष्ठभूमीका आधारमा  पहिलो नेपाली मातृभाषा र दोस्रो नेपाली भाषी विद्यार्थीहरुको लेखन क्षमताको तुलना गर्दा दोस्रो नेपाली भाषीहरुको तुलनामा पहिलो नेपाली भाषी विद्यार्थीहरुको लेखन क्षमता केही उच्च रहेको पाइएको छ । विद्यालयमा नेपाली विषयलाई वास्ता नगर्ने र एउटैमात्र विषय नेपाली भाषाबाट सिकाइने भएकोले विद्यार्थीहरुले नेपाली विषय प्रति ध्यान नदिने र हेप्ने मनसाय भएको कारण  विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता केही कम पाइएको छ ।

लैङ्गिकतको आधारमा अनुच्छेद लेखन क्षमताको तुलना गर्दा छात्र विद्यार्थीहरुको तुलनामा छात्रा विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता केही बढी प्रतिशत अगाडि रहेको छ ।
अध्ययन गर्दाको जनसख्याको आधारमा सामुदायिक विद्यालयहरुमा निजि विद्यालयको भन्दा माथि अनुच्छेद लेखन क्षमता रहेको छ ।  छात्रहरुमा ४५.४५ प्रतिशत मध्यमान भन्दा तल रहेको पाइयो । छात्रा तर्फ ५४.८६  प्रतिशत मध्यमान भन्दा माथि रहेको पाइयो । मातृभाषी नेपाली तर्फ ५७ प्रतिशत मध्यमान भन्दा माथि रहेको पाईयो । विमातृभाषी तर्फ ४६.८ प्रतिशत मध्यमान भन्दा तल रहेको पाईयो । मानक विचलनलाई समूहगत रुपमा हेर्दा नेपाली मातृभाषी  विद्यार्थीहरुको मानक विचलन नेपाली विमातृभाषी विद्यार्थीहरुको भन्दा केही बढी भएको देखिन्छ । नमूना प्रतिनिधि विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरु नेपाली विमातृभाषी भाषिक पृष्ठभुमी भएका कम पाइनु र नेपाली मातृभाषी  विद्यार्थीहरुको प्रभाव परेको र कम मात्राममा मात्र नेपाली विमातृभाषी विद्यार्थीहरुको सख्या भएको तथा नेपाली विमातृभाषीहरुको अनौपचारिक भाषा पनि बढी जसो नेपाली नै हुने भएकोले नै नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमतामा खासै ठूलो भिन्नता पाइएन ।

## सन्दर्भ सुची

अधिकारी, हेमाङ्गराज (२०६३) *नेपाली भाषा शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६६), *समसामयिक नेपाली व्याकरण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८), (२०७८), भक्तपुर : पाठ्यक्रम विकास केन्द ।

ढकाल र खतिवडा (२०६९), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : शुभकामना प्रकाशन ।

पौडेल, माधवप्रसाद (२०६९), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू,* काठमाडौं : हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रीबयुटर्स प्रा. लि. ।

बराल, पुरुषोतम (२०६५) द्वारा *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताका अध्ययन* , अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : शिक्षाशास्त्र सङ्काय

भण्डारी, पारशमणि (२०७४), *प्राज्ञिक लेखन तथा सम्पादन,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, रामप्रसाद ( २०६७/२०६८ ), *भाषिक अनुसन्धान विधि,* काठमाडौं : शुभकामना बुक्स एण्ड स्टेशनरी ।

लम्साल, रामचन्द्र (२०६८), *नेपाली भाषा र व्याकरण,* काठमाडौं : सनलाइट पब्लिकेसन ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६७ ), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।